# गण्डकी गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः१०** **संख्याः २** **मितिः**२०८३/०२/०६

**भाग-२**

**गण्डकी गाउँपालिका**

## गण्डकी गाउँपालिका दुग्ध प्रवर्द्धन तथा आयआर्जन कार्यक्रम संचालन कार्यविधि-२०८२

गाई भैंसीले वेत भरि दिने दुधको परिमाण व्याएको सुरुको महिना भित्र दिएको दुध उत्पादनमा निर्भर रहेको हुन्छ।सो अवधि भित्र लैनो पशुले बढी दुध दिन सकेमा मात्र सोहि अनुपातमा सो वेत भरि नै उत्पादन कायम राख्न सकिन्छ ।त्यसैले सो अवधि पशुको अति महत्वपूर्ण अवस्था रहेको र यस अवस्थामा नै नवजात पाडापाडी तथा बाच्छाबाच्छीको स्याहारसुसार गर्नुपर्ने भएकोले आवश्यकता अनुसारको सन्तुलित आहारा र अन्य स्याहार सुसारको लागि कृषकहरुमा जागरण ल्याउन आवश्यक ठानी गण्डकी गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी गण्डकी गाउँपालिकाबाट यो कार्यविधि निर्माण गरी जारी गरिएको छ।

**१)संक्षिप्त नाम र प्रारम्भः** १) कार्यविधिको नामः “गाईभैंसी दुग्ध प्रवर्द्धन तथा आयआर्जन कार्यक्रम संचालन कार्यविधि २०८२” रहेको छ।

२) यो कार्यविधि गण्डकी गाउँपालिकाको कार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

२) **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) गाउँपालिकाः भन्नाले गण्डकी गाउँपालिका, गोरखा सम्झनु पर्दछ ।

ख) अध्यक्षः भन्नाले गण्डकी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

ग) उपाध्यक्षः भन्नाले गण्डकी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ ।

घ) प्रमुख प्रशासकीय अधिकृतः भन्नाले गण्डकी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ङ) कार्यपालिकाः भन्नाले गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

च) पशु सेवा शाखाः भन्नाले गण्डकी गाउँपालिका अन्तर्गत पशु सेवा शाखा सम्झनु पर्दछ ।

छ) अनुगमन समितिः भन्नाले गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित विषयगत क्षेत्रको प्राविधिक सम्मिलित ५ सदस्यीय समितिलाई सम्झनु पर्दछ ।

(ज) कार्यविधिः भन्नाले गाईभैंसी दुग्ध प्रवर्द्धन तथा आयआर्जन कार्यक्रम संचालन कार्यविधि, २०८२ सम्झनु पर्दछ।

**३. उद्देश्यहरुः**

क) दुधालु पशुको लैनो अवस्थामा थप स्याहारसुसार र उचित पोषणको माध्यमबाट दुध उत्पादन वृद्धि गरि सोहि अनुपातमा बेत भरी नै दुध उत्पादन कायम राख्ने ।

ख) पाडापाडि तथा बाच्छाबाच्छीको संरक्षण गर्ने, मृत्युदर कम गर्ने, उचित वृद्धिदर, तौल तथा गुणस्तर कायम राख्ने।

ग) पशुको दुई बेतको अन्तर कम गरि उत्पादन लागत घटाउने।

घ) गाउँपालिकाको पशुपालन प्रवर्धन गरी दुग्ध उत्पादन तथा आयआर्जन बढाउने।

**४) कार्यक्रम संचालन हुने स्थानहरुः**

गण्डकी गाउँपालिकाको सबै वडाहरुमा संचालन हुने ।

**५) कार्यक्रमको अवधिः**

यो कार्यक्रमको अवधि एक आर्थिक वर्षको हुनेछ तर आवश्यकता अनुसार विस्तार गर्दै लैजान सकिनेछ ।

**६) कार्यक्रम संचालनका लागि कृषक छनौटका आधारहरु :**

क) एक वा एकभन्दा बढी दुहुना गाईभैंसी पालेको हुनुपर्ने ।

ख) पशु ब्याउने अपेक्षित मितिले कम्तिमा ४ महिना अगावै पशुधनीले पशु ब्याउने अवस्था बारे वडा प्रविधिक मार्फत पशु सेवा शाखामा जानकारी गराउनु पर्नेछ।

ग) पशु ब्याइसकेपछि सम्बन्धित पशु सेवा शाखामा पशु ब्याएको प्रमाण तथा वडाको सिफारिस सहित निवेदन पेश गर्नुपर्नेछ।

घ) अनुगमन गर्न जाँदा सुत्केरी गाई/ भैंसी र बाच्छाबाच्छी/ पाडापाडी उक्त कृषकको गोठमा हुनुपर्नेछ ।पाडापाडी/बाच्छाबाच्छी साथमा नभएका (हथुवा) पशुलाई भत्ता उपलब्ध गराइने छैन ।नवजात पाडापाडी/ बाचछाबाच्छी मरेको वा अन्य अवस्थामा प्रमाण सहित सम्बन्धित वडा प्राविधिक मार्फत जानकारी गर्राउनु पर्नेछ।

ङ) सुत्केरी गाईभैंसी बाहिरबाट खरिद गरी ल्याएको अवस्थामा प्रोत्साहन भत्ता दिईने छैन।

च) एक कृषक परिवारले एक आर्थिक वर्षमा एक पटकका लागी मात्र भत्ताको लागि आवेदन दिन पाइनेछ।

छ) सुत्केरी गाई भैंसीको अनिवार्य पशु बीमा गरेको हुनुपर्नेछ।

**७) कार्यक्रम संचालनका लागि साझेदार छनौट प्रक्रियाः**

क) गण्डकी गाउँपालिका पशु सेवा शाखाले अनुसूची १ बमोजिमको दरखास्त आह्वान गर्नेछ ।

ख) प्रोत्साहन भत्ता प्राप्त गर्न दफा ६ अनुसारको मापदण्ड पुरा गरेका कृषकहरुले गाउँपालिकाको पशु सेवा शाखामा अनुसुचि ३ बमोजिम निवेदन पेश गर्नुपर्नेछ ।

ग) पेश भएको निवेदनको आधारमा कृषकको गोठमा गई अनुगमन समितिबाट अनुगमन गरिनेछ।

घ) विनियोजित बजेटबाट पुग्ने संख्याका कृषक भन्दा बढी आवेदन परेको हकमा गरिबको सुचिमा परेकालाई प्राथमिकता दिई सुची तयार गरिनेछ ।यसो गर्दा पनि कृषक संख्या बढी भएमा पहिले ब्याउने पशुलाई पहिलो प्राथमिकता दिई कृषक छनौट गरिनेछ ।अन्य कृषक गाउँपालिका स्तरीय प्राविधिक समितिको सिफारिस बमोजिम हुनेछ ।

गण्डकी गाउँपालिका

**८) भत्ता रकमः**

गाईभैंसीलाई तपशिल बमोजिमको सुत्केरी भत्ता उपलब्ध गराइनेछ।

| क्र.स. | कार्यक्रम विवरण | इकाई | रु |
|---|---|---|---|
| १. | सुत्केरी भैंसीलाई भत्ता विवरण | प्रति पशु प्रति वेत | १०,०००।- |
| २. | सुत्केरी गाईलाई भत्ता विवरण | प्रति पशु प्रति वेत | ५,०००।- |

**९) अनुगमन मुल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन गण्डकी गाउँपालिकामा गठित अनुगमन समितिले गर्नेछ ।यस कार्यविधि अनुसार काम भए नभएको सम्बन्धमा अनुगमन गर्न तपसिल बमोजिमको अनुगमन समिति रहनेछ र सो समितिले वडा सिफारिस सहितको निवेदनलाई आधार मानि अनुगमन गर्नेछ।

१) गाउँपालिका उपाध्यक्षः संयोजक
२) लेखा अधिकृतः सदस्य
३) योजना शाखा प्रमुखः सदस्य
४) सम्बंधित वडाको वडा अध्यक्ष वडा सदस्यः सदस्य
५) पशु सेवा शाखा प्रमुख सदस्य सचिव

**१०. सेवा संचालन प्रक्रियाः**

यस कार्यक्रम बमोजिमको सेवा संचालन गर्ने प्रक्रिया बेहायको बमोजिम हुनेछः

क. गण्डकी गाउँपालिका र कृषकहरु बीच अनुसूची २ बमोजिम सम्झौता गरिनेछ ।

ख. कृषकले पशु ब्याएको प्रमाण र वडाको सिफारिस सहित अन्य कागजातहरु गण्डकी गाउँपालिका पशु सेवा शाखामा पेश गरेपछि गाउँपालिकामा गठित अनुगमन समितिले सम्बन्धित कृषकको गोठको अनुगमन गरि कृषकको गाईभैंसी ब्याएको कुरा साँचो हो भने मात्र गाउँपालिका बाट भुक्तानीको लागि सिफारिस गर्नेछ ।

ग. प्रोत्साहन भत्ता प्राप्त गर्न छनौट भएका कृषकलाई गाउँपालिका कार्यालयबाट सम्बन्धित कृषकको खातामा भुक्तानी गरिनेछ ।

**११. आर्थिक प्रशासन सेवा कार्यक्रमको लेखा लेखांकनः**

लेखापरिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि ऐन, २०५५ आर्थिक कार्यविधि नियमावली, २०६४ सार्वजनिक खरिद ऐन, २०६३, गण्डकी गाउँपालिका सार्वजनिक खरिद नियमावली २०७७, सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम गरिनेछ ।

**१२ परिमार्जनः** गाउँपालिकाले जुनसुकै समयमा यो कार्यविधि संशोधन, परिमार्जन तथा खारेज गर्न सक्नेछ

**१३. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा कार्यपालिकाले बाधा अड्काउ, फुकाउका लागि आवश्यक व्यवस्था गर्न सक्नेछ ।

गण्डकी गाउँपालिका

**१४. खारेजी र बचाऊः** (१) यस अगाडी भएका कार्यविधि, आदेश वा निर्णय काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

प्रमाणीकरण मितिः २०८२/०४/०४

गण्डकी गाउँपालिका

## अनुसूची- १

(दफा ७ क सँग सम्बन्धित)

**गण्डकी गाउँपालिका भित्रका कृषकहरुलाई गाईभैंसी दुग्ध प्रवर्द्धन तथा आयआर्जन कार्यक्रमको लागि दरखास्त आह्वानको सुचना**

गण्डकी गाउँपालिकाको आ.व. २०८२|०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार पशुपालन गर्ने कृषकहरुका गाईभैंसी दुग्ध प्रवर्द्धन तथा आयआर्जन कार्यक्रम संचालन गरी दुध उत्पादन वृद्दि गरि आयआर्जन, दुई बेतको अन्तर कम गर्न र पाडापाडी स्वास्थ्य तन्दरुस्त राख्न तोकिए बमोजिमका मापदण्डहरु पुरा गरेका कृषकहरुको आवेदनका लागि यो सुचना प्रकाशित गरिएको छ । इच्छुक कृषकहरुले यो सूचना प्रकाशन भएको दिनदेखि अनुसुचि ३ बमोजिमको निवेदन यस कार्यालयमा पेश गर्नुहुन र विस्तृत जानकारीका लागि गण्डकी गाउँपालिका पशु सेवा शाखामा सम्पर्क राख्नुहुन अनुरोध छ।

**कार्यक्रम संचालनका लागी कृषक छनौट तथा भुक्तानीको आधारहरुः**

१) एक वा एक भन्दा बढी दुधालु गाईभैंसी पालेको हुनुपर्नेछ ।

२) अनिवार्य माउ, पाडापाडी/बाच्छाबाच्छी र सम्बन्धित कृषक देखिने गरि फोटो पेश गर्नुपर्नेछ ।

३) पशु ब्याउने अपेक्षित मितिले कम्तिमा ४ महिना अगावै पशुधनीले पशु ब्याउने अवस्था बारे वडा पशु प्राविधिक मार्फत पशु सेवा शाखामा अनिवार्य जानकारी गराउनु पर्नेछ।

४) पशु सेवा शाखामा पशु ब्याएको प्रमाण, वडाको सिफारिस तथा अन्य कागजात सहित निवेदन पेश गरेको हुनुपर्नेछ ।

**अनुसूची- २**

(दफा १० क) सँग सम्बन्धित)

**सम्झौता पत्र**

गण्डकी गाउँपालिका भित्र रहेका कृषकहरुलाई दुग्ध प्रवर्द्धन तथा आयआर्जन कार्यक्रमको उद्देश्य अनुरुपको उपलब्धि हासिल गर्न गण्डकी गाउँपालिका (यस पछि पहिलो पक्ष भनिने) र गण्डकी गाउँपालिका वडा नं. .....का श्री/श्रीमती सुश्री...............................................(त्यसपछि दोश्रो पक्ष भनिने) बीच तपशिलमा उल्लिखित शर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्ने द्विपक्षीय सम्झौता सम्पन्न भयो ।

**<u>दोस्रो पक्षले तपशिल बमोजिमका कार्यहरु गर्नुपर्नेछः</u>**

क) अनुदान रकमबाट लैनो माउ र पाडापाडी /बाच्छाबाच्छीको विशेष स्याहार सुसार गर्नुपर्नेछ ।

ख) पौष्टिक दाना, मिनेरल ब्लक, भिटामिन, औषधी, खोप आदिको व्यवस्था गर्नुपर्नेछ ।

ग) पशु वस्तुको स्वास्थ्य व्यवस्थापन र उत्पादन एवं उत्पादकत्व वृद्धिका कार्यहरु गर्नुपर्नेछ ।

घ) अनुदान कार्य अवधि समाप्त भएपछि पनि कृषकहरुले कार्यक्रमलाई निरन्तरता दिनु पर्नेछ ।

ङ) दोस्रो पक्षबाट गर्नुपर्ने कार्यहरु सन्तोषजनक नपाएमा प्रचलित कानुन बमोजिम कारबाहीको भागिदारी हुनुपर्नेछ|

च) दोश्रो पक्षले प्रथम पक्षलाई गाईभैंसीको बीमा गरे बापतको बीमाङ्क रकम उपलब्ध गराउनु पर्नेछ। यदि सो बापतको रकम उपलब्ध नगराएको हकमा बीमाङ्क बराबरको रकम दोश्रो पक्षले प्राप्त गर्ने अनुदानबाट कट्टा गरी भुक्तानी गरिनेछ। कट्टा गरिएको बीमाङ्क रकम सम्बन्धित बीमा कम्पनीलाई सोझै भुक्तानी गरिनेछ।

**प्रथम पक्षः**
नामः

**दोस्रो पक्षः**
नामः

गण्डकी गाउँपालिका

**अनुसुची-३**

(दफा ७ क बमोजिम)

दरखास्त ढाँचा

**<u>निवेदनः</u>**

मितिः.........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गण्डकी गाउँपालिकाको कार्यालय
भुम्लिचोक, गोरखा।

**विषयः गाईभैंसी दुग्ध प्रवर्द्धन तथा आयआर्जन कार्यक्रममा सहभागी भई पाउँ।**

उपरोक्त सम्बन्धमा गण्डकी गाउँपालिकाको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गाईभैंसी दुग्ध प्रवर्द्धन तथा आयआर्जन कार्यक्रम भएकाले मेरो गाई\भैंसी मितिः ..................... मा सुत्केरी हुने/भएकाले **गाईभैंसी दुग्ध प्रवर्द्धन तथा आयआर्जन कार्यक्रममा** सहभागीता/भुक्तानीका लागि यसै निवेदन साथ तपशिलका कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु।

**तपशिलः**

१. वडा कार्यालयको सिफारिस पत्र।
२. नागरिकता फोटोकपी
३. सुत्केरी पशुको तस्वीर
४. पशु बीमाको प्रमाण

**निवेदकः**
कृषकको नामः.............................
ठेगानाः......................................
सम्पर्क नः...................................
हस्ताक्षरः...................................

आज्ञाले
तुलसी राम आचार्य
प्रमुख प्रशासकीय अधिकृत

गण्डकी गाउँपालिका